संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

## प्रेस विज्ञप्ति - २०६५ मङ्सिर ९

---

**महिलाविरुद्धको हिंसा निर्मूल पार्ने प्रयासमा दण्डहीनताविरुद्ध लड्ने कार्य अत्यन्त महत्त्वपूर्ण : संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रमुख**

जेनेभा (उच्चायुक्तको कार्यालय)- शान्तिवार्ताहरूमा तथा बलात्कार र अन्य हिंसात्मक कार्यका लागि दण्डहीनताविरुद्ध लड्ने प्रयासमा महिलाले सक्रिय भूमिका खेल्नै पर्छ : महिलाविरुद्धको हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवसको स्मरणमा मङ्गलबार एक वक्तव्य दिँदै संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नाभी पिल्लेले भन्नुभयो।

"महिलाविरुद्धको हिंसा अझै पनि विश्वभरि ठूलो समस्या हो," पिल्लेले भन्नुभयो। "र, द्वन्द्वका धेरै ठाउँहरूमा यो यत्रतत्र पाइन्छ र सबैजसो प्रमुख पात्रहरूबाट घोर रूपमा उपेक्षा गरिएको छ। बलात्कार अपराध हो, र यौनजन्य तथा अन्य स्वरूपका हिंसालाई रोक्ने हो भने यसमा सजाय हुनैपर्छ र सजाय भएको देखिनुपर्छ। शान्तिवार्ताका क्रममा मात्र नभई द्वन्द्व रोकिएपछि पनि यो पन्छाउन सकिने मुद्दा होइन। अघिल्लो दशकमा लाखौं महिलाहरू बलात्कृत भएका, कुटिएका, दास बनाइएका वा मारिएका भए पनि सायदै कसैलाई सजाय गरिएको देश प्रजातान्त्रिक गणतन्त्र कङ्गोको पूर्वी भागमा जस्तो कहीं पनि यो कुरा त्यति कठोर र वीभत्स रूपमा देखिएको छैन।"

प्रग कङ्गोमा शान्तिवार्ता सुरु भएको कुरालाई स्वागत गर्दै पिल्लेले महिलाहरूलाई फेरि पनि छेउमा राखिने हो कि भन्ने डर रहेको बताउनुभयो। "महिलाहरूलाई शान्तिवार्तामा ल्याउनै पर्छ र सुरक्षा तथा न्याय पुनर्स्थापना गर्ने प्रयत्नमा उनीहरूले पूर्ण भूमिका खेल्नैपर्छ," उहाँले भन्नुभयो। "उनीहरू देशको असीम प्राकृतिक संसाधनलगायतका देशको भविष्य, आधारभूत सामाजिक सेवाको बहाली तथा दिगो विकासको स्थापनाबारेको छलफलमा पूर्ण साझेदार हुनु जरुरी छ।"

आफू रुवान्डा न्यायाधीकरणको न्यायाधीश हुँदा जातिहत्यासँग सम्बन्धित बलात्कारसम्बन्धी प्रमुख विधिशास्त्रमा अग्रणी भूमिका खेल्नुभएकी उच्चायुक्तले सुरक्षा परिषद्ले सन् २००८ जुनमा पारित गरेको महिला तथा शान्ति र सुरक्षासम्बन्धी लगायत दुईवटा प्रस्ताव पारित गरेको तथ्य औंल्याउनुभयो।

"सुरक्षापरिषद्ले बलात्कार र अन्य स्वरूपका यौनहिंसा युद्धअपराध, मानवताविरुद्धको अपराध वा जातिहत्याअन्तर्गतका कार्य हुने कुरालाई स्पष्टसँग पहिचान गरेको छ", उहाँले भन्नुभयो। "यसका अतिरिक्त उसले यौन अपराधहरूलाई आममाफीबाट अलग्याउनुपर्ने आवश्यकतामा पनि जोड दिएको छ, यी अपराध गर्ने मानिसहरूलाई अभियोजन गर्न राज्यहरूलाई आह्वान गरेको छ र द्वन्द्वको रोकथाम तथा समाधानमा महिलाको महत्त्वपूर्ण भूमिकामाथि जोड दिएको छ।"अन्तर्राष्ट्रिय कानुनी खाकाका सम्बन्धमा हामी धेरै अगाडि आइपुगेका छौं तर काम लाग्ने न्यायिक प्रणाली तथा शान्तिवार्तामा तिनलाई परिणत गर्न केही राज्यहरूले अझै धेरै काम गर्न बाँकी छ।"

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**
**Website: http://nepal.ohchr.org**

तर, महिलाविरुद्धको हिंसा द्वन्द्वमा मात्र हुने घटना होइन, पिल्लेले अगाडि भन्नुभयो। अघिल्लो शताब्दीमा भएका धेरै प्रगतिका बाबजुद महिलाविरुद्ध हुने यौन तथा अन्य स्वरूपका हिंसाका लागि कुनै न कुनै तहको दण्डहीनता विश्वभरि र अन्ततः सबै समाजमा रहेको छ। अपर्याप्त रूपबाट बनाइएका वा कार्यान्वयन गरिएका कानुनहरूका कारणबाट प्राय यस्तो हुन्छ र यसले महिलाहरू निम्नस्तरका हुन्छन् त्यसैले उनीहरूलाई थोरै अधिकार दिन सकिन्छ भन्ने गाडिएर बसेको साँस्कृतिक अवधारणालाई प्रतिविम्बित गर्छ।

"केही समाजहरूमा आफ्ना श्रीमतीहरू वा छोरीहरूलाई कुटे वा चोटपटक लगाएमा वा कुनैकुनै अवस्थामा मारे पनि आफू अदालतमा उपस्थित हुनु पर्दैन भन्ने कुरा पुरुषहरूलाई पूर्ण रूपमा थाहा हुन्छ", उच्चायुक्तले उल्लेख गर्नुभयो। "एउटा अभिभावकमाथि अर्को अभिभावकबाट भएको दुर्व्यवहारप्रति आँखा चिम्लेर राज्यले अर्को पुस्तामा कस्तो किसिमको पाठ सिकाउने?"

"महिलाहरूलाई संरक्षण गर्ने तथा उनीहरूलाई आर्थिक र सामाजिक स्वतन्त्रताको सम्भावना प्रदान गर्ने राष्ट्रिय कानुनी खाका अपर्याप्त रहिरहेसम्म महिलाविरुद्धको हिंसाविरुद्ध लड्ने प्रयासहरू कहिल्यै सफल हुँदैनन्," पिल्लेले भन्नुभयो।

सन् १९९५ को महिलासम्बन्धी बेइजिङ सम्मेलन र यसका अनुवर्ती कार्यक्रमहरूमा भेदभावकारी कानुनहरू हटाउने र संशोधन गर्ने व्यापक प्रतिबद्धताहरू गरिएका थिए। महिलाविरुद्धका सबै प्रकारका भेदभावको उन्मूलनसम्बन्धी महासन्धि तथा अन्य मौलिक मानवअधिकार सन्धिहरूका सबै राज्य पक्षहरूले त्यस्तै प्रकारका प्रतिबद्धताहरू गरेका छन्।

"म राज्यहरूलाई यी प्रतिबद्धताहरूलाई पूरा गर्न साँचो प्रयास गर्न आह्वान गर्छु", पिल्लेले भन्नुभयो।